# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४२।८।६ को निर्णयानुसार श्री विष्णुप्रताप शाहलाई सामान्य प्रशासन मन्त्रालय, अतिरिक्त समूहको विशिष्ट श्रेणी पदबाट मन्त्रिपरिषद् सचिवालय, प्रधानमन्त्रीको कार्यालयको रिक्त रहेको सचिव पदमा सरुवा गरेको छ ।

### सूचना २

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बागमती अंचलाधीशको कार्यालयका सह-अंचलाधीश श्री बबुअन ठाकुरलाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहको रा.प. प्रथम श्रेणी (प्रशासन सेवा) मा सरुवा गरी विशेष प्रहरी विभागको मुख्य अधिकृत (नेपाल प्रशासन सेवा, विशिष्ट श्रेणी) पदमा कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

श्रम तथा सामाजिक कल्याण मन्त्रालयका सचिव श्री माधवलाल तवदार अन्तर्राष्ट्रिय श्रम संगठनको दशौं क्षेत्रीय सम्मेलनमा भागलिन इण्डोनेशियातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री जगन्नाथ जोशीलाई मिति २०४२।८।१६ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ४

परराष्ट्र मन्त्रालयका सचिव श्री विश्व प्रधान ढाकामा हुने दक्षिण एशियाली क्षेत्रीय सहयोग शिखर सम्मेलनसम्बन्धी तयारी बैठकमा भागलिने सिलसिलामा त्यसतर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री५ को सरकारले सोही मन्त्रालयमा कार्यरत सह-सचिव श्री नरेन्द्रविक्रम शाहलाई मिति २०४२।८।१७ देखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८२